# चुरे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.स. : २०८०/०८१ घरखेडा, कैलाली
च.न. : सुदुरपश्चिम प्रदेश,नेपाल

बिषयः विज्ञापन कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकासित मितिः २०८०/०४/१६ गते**

यस चुरे गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थल , चौक, सडक वा कसैको निजि घर पर्खालमा कुनै उत्पादक कम्पनी वा व्यवसायीहरुले आफ्नो व्यवसायको प्रचार प्रसारका लागि लगाईएका होर्डिङ बोर्ड, ग्लोब बोर्ड, स्टल, व्यानर, भित्ते लेखन लगायत अन्य प्रचार सामाग्रीहरुबाट विज्ञापन कर संकलन गर्न सक्ने प्रावधान स्थानीय तहलाई भए बमोजिम यस आ.व. २०८०/०८१ का लागि यस गाउँपालिकाबाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न ईच्छुक फर्म वा संघ संस्थाहरुको जानकारीका लागि यो १५ दिने सूचना प्रकासित गरिएको छ।

**तपसिलका शर्तहरु**

१. विज्ञापन नं. CRM/SQ/OS/04/080/081 विज्ञापन करका लागि न्जूनतम ठेक्का अंक रु.३०००००|००( अक्षेरुपी तीन लाख मात्र) मु.अ.कर र अन्य कर बाहेक कायम गरिएको।

२. ठेक्का आ.व. २०८०/०८१ देखी ०८२/०८३ असार मसान्त सम्मको लागि सम्झौता गरिनेछ। तर प्रत्येक बर्ष १०% का दरले ठेक्का रकममा बृद्धी गरिने छ।(३,००,०००|००, ३,३०,०००|०० र ३,६३,०००|००)

३. तोकिएको सिमा रेखा भन्दा बाहिर गएर कर संकलन गर्न पाईने छैन, तोकिएको सिमा रेखा भन्दा बाहिर गएर कर असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले जुनसुकै बेला पनि ठेक्का समझौता रद्द गर्न सक्नेछ।

४. वोल पत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले वोलपत्र खरिद वापतको रकम यस गाउँपालिकाको लक्ष्मी सनराइज बैंक लिमिटेड चुरे शाखाको आन्तरिक राजश्व खाता नं ०८२०५२९९६३७०३००६ मा नगद रु १०००|०० जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद सहित फर्मको इजाजत पत्र मु अ क दर्ता प्रमाण पत्र आ. व. ०७९|८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नु पर्ने छ । उक्त खरिद कार्य मिति २०८०|०४|३० गते कार्यालय समय भित्र गरि सक्नु पर्ने छ ।

५. सिलवन्दी दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र पेश कर्ताले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको लक्ष्मी सनराईज बैंकमा रहेको धरौटी खाता नं. ०८२०५२९९६३७०३००३ मा नगद जम्मा वा सो रकम बराबरको ९० दिनको म्याद भएको बैंक जमानत पेश गर्नु पर्ने छ।

६. प्रस्ताव मिति २०८०/०४/३१ गतेका दिन दिनको १२ बजे सम्म पेश गरिसक्नु पर्नेछ । २०८०/०४/३१ गते दिनको २ बजे प्रस्तावहरु खोलिने हुदा सो समयमा प्रस्तावदाताहरु वा निजको तोकेको व्यक्ति उपस्थित हुनुपर्नेछ, उपस्थित नभएमा पनि प्रस्तावहरु खोल्न बाधा पर्नेछैन।

७. प्रस्ताव पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खोलेको दिन सो सम्बन्धी काम हुनेछ।

८. बोलपत्र स्वीकृती भएको जानकारी पाएको ७ (सात) दिन भित्र प्रस्ताव दाताले पहिलो किस्ता बापत ४०% ले हुन आउने रकम मू.अ.कर सहितको रकम लक्ष्मी सनराइज बैंक लिमिटेड चुरे शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०८२०५२९९६३७०३००६ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ । दोश्रो र तेश्रो किस्ता क्रमश: चालु आ.ब.को फाल्गुन मसान्त र असार मसान्त भित्र क्रमश ३०|३० प्रतिशतले हुन आउने रकम मू.अ.कर सहित दाखिला गरी सक्कलै बैंक भौचर पेश गर्नु पनेछ । साथै सम्झौता अङ्क को ७५% ले हुने रकम र सोको मु.अ.कर सहितको रकम नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस गाउँकार्यपालिकाको कार्यालयको नाममा सम्झौता मितिबाट सम्झौता अवधि सकिनु भन्दा कम्तीमा दुई महिना बढी म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) संझौताको समयमा पेश गर्नु पर्नेछ ।यदी एकमुष्ठरुपमा शुरुमानै बुझाउने प्रस्तावकर्तालाई कबोल अंकको ५% रकम छुट दिईनेछ।

९. प्रस्तावपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षरमा दुबैमा प्रष्टरुपमा उल्लेख गर्नुपर्नेछ।फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१०. कुनै पनि अवस्थामा कर छुटका लागि हक दावि गर्न पाईने छैन।संकलन गर्ने करको दर रेट टेन्डर फारामबाट हेर्न सकिनेछ। प्रस्तावदाताले खामको बाहिरपट्टी ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ।

११. प्रस्ताव स्विकृत गर्ने नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१२. यस सूचनामा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछन।

१३. यो सूचना चुरे गाउपालिकाको सूचनापाटी र वेभसाइटः www.churemun.gov.np हेर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत